फोन नं: ०८२४१००४

# गढवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# कृषि विकास शाखा

गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०८०/८१

मिति: २०८०/१२/०१

प्रथम पटक सूचना प्रकाशन मिति २०८०/१२/०१

आ. व. २०८०/२०८१ को स्वीकृत कार्यक्रम अनुसार खाद्यान्न बिउ प्रशोधन कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको १५ दिन भित्र (मितिः २०८०/१२/१५ गते सम्म) यस कार्यालय तथा मातहतका कार्यालयमा तपसिलको कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्याबसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सुचानापाटी/वेबसायईट बाट प्राप्त गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

| क. स. | कार्यक्रम | क्रियाकलापहरु | न्युनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|---|
| १. | बिउ प्रशोधन सहयोग कार्यक्रम | • बीउ प्रशोधनका लागि ग्रेडर, ट्रिटर (ट्रिटिटर) तथा अन्य उपकरण खरिद,<br>• नियमित रुपमा बीउ बिजन कारोबारको तथांक रिपोर्टिंग गर्नुपर्ने | • कार्यक्रममा तोकिएको क्षेत्र भए तोकिएको क्षेत्रमा र नतोकिएको भए व्यावसायिक रुपमा बीउ उत्पादन, संकलन तथा सामूहिक बजारीकरणमा संलग्न सहकारी पहिचान गरी कार्यक्रम संचालन गर्नुपर्ने,<br>• बार्षिक न्युनतम ५० मे टन खाद्यान्न बालीको बीउ उत्पादन गरेको हुनु पर्ने,<br>• बीउ उत्पादन तथा बजारीकरणमा कम्तीमा १ वर्ष संलग्न भएको हुनु पर्ने । | कुल लागतको अधिकतम ७५ प्रतिशत । |

संलग्न गर्नु पर्ने कागजातहरु:

१. प्रस्तावकको निबेदन
२. दर्ता/ नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी सहकारी)
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको पर्तिलिपि
४. कृषक तथा कृषक समुहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छुनौट भएमा सम्झौता पुर्व पेश गर्नु पर्ने )
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव
६. सम्बन्धित वडाको सिफारिस पत्र
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि

कर्ताराम यादव
कृषि बिकास शाखा

अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अधिकृत